बकैया गाउँकार्यपालिकाको मिति २०७९।१०।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. सडक बत्तीको बाँकी बक्यौता रकम भुक्तानी सम्बन्धमा।:-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय हेटौंडा विरण केन्द्रको च.नं. १२०५, मिति २०७९।१०।१३ गतेको पत्रानुसार यस गाउँपालिकाको क्षेत्र भित्र सडक बत्ती प्रयोग गरे बापत आ.व.२०७/०७७ देखि २०८९/०८० पुस मसान्त सम्मको बक्यौता रकम रु. २७,२२,५००/-(अक्षेरेपि सत्ताईस लाख बाईस हजार पाँच सय मात्र)देखिएकोले उक्त बक्यौता रकम मिनाहा गर्न नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय हेटौंडा विरण केन्द्रसँग अनुरोध गर्ने निर्णय गरियो।

२. "घ" वर्ग इजाजतपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा ए. एस. निर्माण सेवा तथा सप्लायर्स बकैया-४, मकवानपुरले पेश गरेको कागजात अनुसार सो निर्माण सेवा तथा सप्लायर्सलाई "घ" वर्गको निमार्ण व्यवसायि इजाजतपत्र दिने निर्णय गरियो।

३. काठमाडौं- तराई/मधेस द्रुत मार्गको बस पार्क माग गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा काठमाडौं- तराई/मधेस द्रुत मार्गको अधिकांस भाग यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने तर यस गाउँपालिकामा एउटा पनि इन्ट्रि प्वाइन्ट(Entry Point) नरेको हुँदा यस गाउँपालिकाको बासिन्दालाई सहज रुपमा द्रुत मार्गको प्रयोग गर्नको द्रुत मार्ग लागि आयोजनाले जग्गा अधिग्रहण गर्ने क्रममा गाउँपालिकाको वडा नं. ५ स्थित राजदमारमा एउटा बस पार्क सहित इन्ट्रि प्वाइन्ट(Entry Point) राख्ने प्रतिबद्धता जाहेर समेत गरेको हाल सो स्थानमा कुनै पनि इन्ट्रि प्वाइन्ट(Entry Point) नरहेको विषयमा स्थानीय बासिन्दा समेतको चासो र आयोजनाको काममा अवरोध समेत गर्ने चेतावनि समेत आइरहेको हुँदा सम्बन्धित निकाय समक्ष बस पार्क सहित इन्ट्रि प्वाइन्ट(Entry Point) को माग गर्ने निर्णय गरियो।

४. काठमाडौं- तराई/मधेस द्रुत मार्गसँग बिरुवा रोप्न बजेट माग गर्ने सम्बन्धमा।

प्रस्तुत विषययमा छलफल गर्दा यस गाउँपालिकाको अधिकांस भू-भाग हुँदै जाने राष्ट्रिय गौरवको आयोजना द्रुत मार्ग निर्माण गर्ने क्रममा हजारौं हेक्टरमा रहेको रुखहरु कटान भएको हुँदा यस क्षेत्रको वातावरणिय तथा पर्यावरणिय पद्धतिमा नकारात्मक असर पर्ने देखिने हुँदा वातावरणिय र पर्यावरणिय पद्धतिलाई सन्तुलन गर्न सो आयोजनासँग फलफूलको बोट विरुवा रोप्न दुई करोड वजेट माग गर्ने निर्णय गरियो।

धर्मराज लामिछाने
अध्यक्ष

बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

५. कर्मचारीहरुको काज फिर्ता माग सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाबाट विभिन्न स्थानीय निकायमा काज सरुवा भई गएका कर्मचारीको दरबन्दि यसै पालिकामा रहेको हुँदा रिक्त रहेको कर्मचारीको ठाउँमा प्रदेश लोक सेवा आयोगमा समेत पदपूर्तिको लागि माग आकृति फारमसमेत भर्न नमिल्ने हुँदा यस गाउँपालिकाको दैनिक सेवा सञ्चालनमा समेत गर्न असहजता सिर्जना भएको हुँदा सम्पूर्ण कर्मचारीहरुको काज फिर्ताको लागि पत्राचार गर्ने निर्णय गरियो।

६. सार्वजनिक सुनुवाई सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको सबै वडा कार्यालयहरु र गाउँकार्यपालिकाको कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम यथाशिघ्र गर्ने निर्णय गरियो।

७. बकैया रंगाशाला चार किल्ला प्रमाणित सम्बन्धमा।

प्रस्तुत छलफल गर्दा यस गाउँपालिकामा रहको बकैया रंगशालाको पूर्व तर्फ चम्पाखहरे खोला, पश्चिम तर्फ खेति योग्य जमिन,उत्तर तर्फ चम्पाखहरे खोला र दक्षिण तर्फ घर जग्गा रहेको व्यहोराको चार किल्ला प्रमाणित गर्नुको साथै कुनै पनि किसिमको दावि विरोध नरहेको व्यहोरा सिफारिस गर्ने निर्णय गरियो।

८. हाँत्तिसुँडे खेलमैदान चार किल्ला प्रमाणित सम्बन्धमा।

प्रस्तुत विषयममा छलफल गर्दा यस गाउँपालिकामा रहको हात्तिसुँडे खेलमैदानको पूर्व तर्फ बकैया खोला, पश्चिम तर्फ खेति योग्य जमिन, उत्तर तर्फ सार्वजनिक जग्गा र दक्षिण तर्फ घर खेति योग्य जमिन रहेको व्यहोराको चार किल्ला प्रमाणित गर्नुको साथै कुनै पनि किसिमको दावि विरोध नरहेको व्यहोरा सिफारिस गर्ने निर्णय गरियो।

९. लदी पर्व(कोशी पूजा) सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा माझी समूदायको महान पर्व लदी पर्व(कोशी पूजा) भव्य र सव्य रुपमा मनाउन पालिका सांस्कृतिक पर्यटन शिर्षकमा रु. ३,००,०००/-(अक्षरेपी तीन लाख मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

१०. क्रसर उद्योग सञ्चालन सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भई यस गाउँपालिकामा र राजस्व कार्यालयमा समेत दर्ता भई राजस्वको दायरामा रहेका सञ्चालित क्रसर उद्योगहरुको समेत विद्युत सेवा सुचारु गर्नको लागि सम्बन्धित निकायलाई पहल गरिदिनु हुन जिल्ला समन्वय समिति, मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

नरु बहादुर खत्री
उपाध्यक्ष

११. <u>धुवाँकोटबेसी खेल मैदानको चार किल्ला प्रमाणित सम्बन्धमा।</u>

प्रस्तुत छलफल गर्दा यस गाउँपालिकाको वडा नं.१० मा रहको धुवाँकोटबेसी खेल मैदानको पूर्व तर्फ बागमती खोला, पश्चिम तर्फ मन्थलि-शिखपुर सडक, उत्तर तर्फ चाँदि खोला र दक्षिण तर्फ मन्थलि-शिखपुर सडकरहेको व्यहोराको चार किल्ला प्रमाणित गर्नुको साथै यस मैदानमा कुनै पनि किसिमको दावि बिरोध नरहेको व्यहोरा सिफारिस गर्ने निर्णय गरियो।

१२. <u>सहुलियतपूर्ण कर्जा सम्बन्धमा।</u>

प्रस्तुत विषयमा यस गाउँपालिकामा रहेका कृषक तथा कृषि उद्यमिहरुको लागि सहुलियतपूर्ण कर्जा प्रबन्ध गर्नका लागि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार राष्ट्रिय वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुसँग सहयोगको लागि अनुरोध गरी सम्झौता गर्ने निर्णय गरियो। साथै गाउँपालिकाले आवश्यक सहयोगको पहल तथा कानूनि कदमको लागि प्रतिबद्धता जाहेर तथा रहोबर बस्ने निर्णय गरियो।

१३. <u>नेपाल विद्युत प्राधिकरुणसँग बिरुवा रोप्न बजेट माग गर्ने सम्बन्धमा।</u>

प्रस्तुत विषययमा छलफल गर्दा यस गाउँपालिकाको विभिन्न भू-भाग हुँदै जाने ११ के.भि. लाईन (हाई टेन्सन)विस्तार गर्ने क्रममा हजारौं हेक्टरमा रहेको रुखहरु कटान भएको हुँदा यस क्षेत्रको वातावरणिय तथा पर्यावरणिय पद्धतिमा नकारात्मक असर पर्ने देखिने हुँदा वातावरणिय र पर्यावरणिय पद्धतिलाई सन्तुलन गर्न सो आयोजनासँग फलफूलको बोट विरुवा रोप्न एक करोड बजेट माग गर्ने निर्णय गरियो।

१४. <u>विविध योजना सम्बन्धमा।</u>

प्रस्तुत विषयमा छलफल गर्दा तपसिलका योजनाहरु गाउँपालिका विविध र विविध पूर्वाधार शिर्षकवाट भुक्तानी हुने गरी सम्झौता हुने निर्णय गरियो।

तपसिलः

१. मुक्तानस्वारा सुबिदारस्वारा सडक निर्माण, बकैया-४, रु. १५०००००/-

२. मैनटार खानेपानी योजना, बकैया-७, रु. ३०००००/-

३. घुम्तीमोड न्यासुरटोल सडक, बकैया-६, रु. ५०००००/-

१५. <u>क्रिसमस खर्च सम्बन्धमा।</u>

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाक वडा नं. १२ मा रहेको ठिंगन डुमानिस मण्डली, मकवानपुर नेपाललाई रु. ३००००/- क्रिसमस खर्च कला, साहित्य तथा धर्म संस्कृति शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो।

धर्मराज लामिछाने
अध्यक्ष

भरत बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुंडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

१६. प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका वडा न. ५ को पावस, वडा न. ६ को भालुखोला र वडा न. ७ को हर्दामा माटो उत्खनन् सम्वन्धी प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका मकवानपुर